स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायिका पूजा शर्मा सिनेमा 'छतिसको आँकडा'मा ब्यस्त छिन्। सिनेमामा धेरै नायक परिवर्तन गर्नुभएकी उहाँ अहिले नायिकाहरु संगै ब्यस्त बन्नुभएको छ। प्रदीप खड्का, पल शाह, आकाश खड्का सङ एक ताका खुब नजिक उनको हाल तिनै जना सङै सम्बन्ध बिग्रीएको छ। बोलचाल समेत नरहेको अवस्था छ। नायकहरुसंग सम्बन्ध नटिकेर त होला नी अहिले उनि निरुता सिंह र रेखा थापाको नजिक छिन्।

**आजको विचार...**



नवउदारवादी...
*(दुई पेजमा)*

गणेश अम्गाई



माया गर्ने मान्छेले मायालुको लागि जुनसुकै सम्झौता गर्न सक्छ भन्ने उदाहरण अभिनेत्री सुरक्षा पन्तमा पनि प्रष्ट देखिन्छ। चाहे यी तस्बिरमा आधुनिक पहिरनमा देखिएकी सुरक्षालाई हेरौं, वा 'कोशेढुङ्गा' फिल्मकी शीतलको त्यागलाई स्मरण गरौं, दुवैमा प्रेमप्रतिको समर्पण समान छ। बाहिरी आवरण, जीवनशैली र हुर्काइमा रिल (फिल्मी) र रियल (वास्तविक जीवन) की सुरक्षा फरक देखिन सक्छन्। रियल जीवनमा उनका श्रीमान् मानव सुबेदी नामले सुरक्षा जति चर्चा पाएका छैनन्।

❒ वर्ष ३१ अंक १९८ ❒ २०८२ फागुन २ गते शनिबार 14 February 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## आचारसंहिता पालना गर्न अनुरोध

**रासस**

**लुम्बिनी,** फागुन १/ रूपन्देही जिल्लास्थित निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको कार्यालयले निर्वाचन आचारसंहिता विपरीतका गतिविधि नगर्न र आचारसंहिता कडाइका साथ पालना गर्न अनुरोध गरेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तथा सहायक प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले सूचना जारी गरी सम्पूर्ण दल एवं प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवारलाई आचारसंहिता विपरीतका गतिविधि नगर्न नगराउन अनुरोध गरेको छ । सूचनामा प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा निर्वाचन आचारसंहिता, २०८२ जारी भई लागू भइसकेको अवस्था विभिन्न दल एवं प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवारहरूबाट निर्वाचन आचारसंहिता विपरीतका विभिन्न गतिविधिहरू भइरहेको गुनासो प्राप्त हुन आएकाले निर्वाचन आचारसंहिता २०८२, विपरीतका गतिविधि नगर्न नगराउन ध्यानाकर्षण गराइएको छ ।

# बदलिएको काँग्रेसले नै देश बदल्छ : उपसभापति शर्मा

## "कसैलाई गाली गर्ने हैन आफ्ना कुरा जनतालाई बुझाउनुहोस्"

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन १/नेपाली काँग्रेसका उपसभापति विश्व प्रकाश शर्माले बदलिएको काँग्रेसले नै देश बदल्ने बताएका छन् । शुक्रबार नेपाली काँग्रेस पाल्पाले तानसेनमा आयोजना गरेको अभिमुखीकरण कार्यक्रमलाई सम्बाधेन गर्दै उनले काँग्रेस बदलिएर आएकाले अब देश पनि काँग्रेसले नै बदल्ने बताएका हुन् ।

"हामी बदलिँदै गर्दा जनताको सपना समेत बदल्छौं" उपसभापति शर्मा भने "जेनजीको 'मुभमेन्ट' पछि साँच्चिकै बदलिएको पार्टी नै नेपाली काँग्रेस हो, हामीले देश बदल्ने तागत राख्छौं ।" देश नै आत्मविश्वास गुमाएकोजस्तो अवस्थामा रहेकाले जिम्मेवार राजनीतिक शक्तिको खाँचो रहेको भन्दै शर्माले त्यसका लागि कांग्रेसले भूमिका खेल्नुपर्ने प्रस्ट्याए । "कांग्रेससँग जादुको छडी छैन, तर सही नियम, प्रक्रिया र संस्था बनाएर देश



चलाउने क्षमता छ," उनले भने । हाल देशमा देखिएको निराशाको मुख्य जड भ्रष्टाचार रहेको उल्लेख गर्दै उसभापति शर्माले भ्रष्टाचारविरुद्धको सबैभन्दा ठूलो योद्धा बदलिएर आएको दाबी गरे । उनले कांग्रेस नै सबैभन्दा जिम्मेवार र जनताप्रति उत्तरदायी पार्टी भएको पनि बताए । नेता शर्माले भने "जब जब देशलाई बलिदान र त्याग आवश्यक पर्‍यो, त्यति बेला यही पार्टीले देशको नेतृत्व गरेको इतिहास साक्षी छ ।"

कांग्रेसले यस पटकको निर्वाचनमा १ सय ६५ निर्वाचन क्षेत्र मध्ये १ सय ६ जना उम्मेदवारहरू नयाँ उठाएको उनले बताए । यस पटक विगतको भन्दा महिला र दलित समुदायबाट धेरै उम्मेदवारको प्रतिनिधित्व भएको नेता शर्माको दाबी छ । बदलिएको कांग्रेसले यस पटक आम कार्यकर्ता र कांग्रेसको शुभचिन्तकहरूका लागि आफ्नै चुनाव चिन्हमा उम्मेदवार उठाएर बदलिएको कुरा पुष्टी गरेको उनले सुनाए । नेता शर्माले काँग्रेस फेरी ठूलो दलको रुपमा देशको नेतृत्व गर्ने गरी बहुमतको दिशातर्फ अग्रसर भइरहेको बताए । "काँग्रेसले धेरै निर्वाचनहरु जितेको छ । जित्ने कुरा हाम्रा लागि नौलो कुरा होइन, कयौं निर्वाचन हामी हारेका छौं । हार्ने कुरा पनि काँग्रेसको जिन्दगीमा नौलो कुरा होइन । तर, यो निर्वाचन कुन दल र उम्मेदवारले जित्ने भन्दा पनि अझ विशेष, गहन र गम्भीर छ," उनले भने । "२०८४ मा हुने चुनाव २०८२ मा किन हुँदैछ ? ७४ जना आमाको काख किन जल्यो ? देशको सिंहदरबार, संसद् भवन किन जल्यो, अरबौं खरबौंको क्षति किन भयो, देशमा त्यो प्रकारको निराशा किन भयो ? कसले गरायो यी सबै कुराको जनतालाई बुझाउन हामीले सक्नुपर्छ, ।"

देशमा मन जलेको, मान्छेको मन भाँचिएको र विश्वास टुक्रिएको उनको भनाइ छ । "यो बेला जेनजी विद्रोह सबै गलत भयो, भदौ २३ अघि सबै ठीक थियो भन्ने होइन," उनले भने । पुरानाका दिन गए भन्न नमिल्ने उनको भनाइ छ । यो धर्तीमा सबैभन्दा पूरानो कुरा धर्ती नै भएको र नयाँ भनेको जन्ममितिले नहुने शर्माले बताए । ***(... बाँकी अन्तिम पेजमा)***

## मतदान किन गर्ने ?

-लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।

-योग्य जनप्रतिनिधिको छनौट गर्न।

-नागरिक कर्तव्य निरवाह गर्न।

-जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।

-निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।

-असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# बेथल बोर्डिङ स्कूलले मनायो २९ औं वार्षिकोत्सव

**पाल्पा,** फागुन १/ निजी विद्यालयको रुपमा सञ्चालित पाल्पाको बेथल इङ्ग्लिस बोर्डिङ स्कूलले २९ औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको छ । व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक र नैतिक मूल्य बोध गराउने शिक्षाको मान्यता राखी २०५३ सालमा स्थापना भएको स्कूलले विविध कार्यक्रमहरुको आयोजना गरी वार्षिकोत्सव मनाएको हो ।

वार्षिक उत्सवको लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री तथा विद्यालयका निवर्तमान प्रिन्सिपल खेमबहादुर सारुले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका सारुले निजी तवरबाट सञ्चालन भएको स्कूलले जिल्लाको शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले २९ वर्षे लामो यात्रा तय गर्नु स्कूलका लागि चुनौतिको विषय भए पनि आफुलाई सफल शैक्षिक संस्थाको रुपमा स्थापित गराउन सक्नु नै महत्वपूर्ण रहेको उल्लेख



गरे । मन्त्री सारुले आजको विश्व बजारमा सिप र प्राविधियुक्त जनशक्तीको मागलाई आपूर्ति गर्न शिक्षालयहरुले सरकारी र निजी क्षेत्रको समन्वय र सहकार्यबाट शैक्षिक गूणस्तर अभिवृद्धिमा थप लगानी बढाउनुपर्ने धारणा राखे । पछिल्लो दशकमा नेपालमा शिक्षा, स्वास्थ्य, सञ्चार, प्रविधि, पूर्वाधार निर्माणको क्षेत्रमा भएका सकारात्मक परिवर्तनहरु नव यूवा र आमनागरिकहरुमा डिसेमिनेसन गर्नुपर्ने समेत उनले बताए । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंक खनाल, तानसेन नगरपालिका कार्यपालिका सदस्य सविता भट्टराई, प्याब्सनका लुम्बिनी प्रदेश उपाध्यक्ष महेशमान बज्राचार्य, प्याब्सनका जिल्ला अध्यक्ष डासुराम पन्त, अभिभावक राजेन्द्रबहादुर धामी, पवित्रा बस्याल, पूर्व विद्यार्थी सभ्यता पराजुली, विद्यार्थीरु साक्षी गाहा, अर्थव थापा लगायतले विद्यालयको सफलताको शुभकामना व्यक्त गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव नेपालले गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय सक्रियताका साथ लागेकाले पनि अभिभावकहरुको विश्वास जित्न सफल भएको बताए ।

***(-... बाँकी अन्तिम पेजमा)***

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## देखाउनकै लागि नबनोस् प्रणय दिवस

आज फेब्रुअरी १४ अर्थात 'भ्यालेन्टाइन डे' । आजको दिन विश्वभर रातो गुलाफ दिएर मनको भावना आफूले मन पराएको व्यक्तिसामु राख्ने अनि प्रेममा भएकाहरुले सम्बन्ध अझ सुमधुर बनाउने दिन । विशेष गरी युवा युवतीहरुमा यसको बढी लगावहुने गर्दछ । प्रेम दिवस आफैमा एक महत्वपूर्ण दिन हो । युवा युवतीले एकआपसमा प्रेम प्रकट गर्ने दिनका रुपमा यो दिवसलाई लिइन्छ । आफूले मन पराएकोकेटा वा केटीलाई प्रेम प्रस्ताव राख्न, प्रेम सम्बन्ध स्थापित भएका प्रेमी प्रेमिकाको प्रेमअझ दरिलो र सुदृढ पार्न यस दिनले ठूलो भूमिका खेल्ने विश्वास पछिल्लोयुवा पुस्तामा रहेको छ ।

पछिल्लो समय नेपालमा यो दिवस मनाउनेको संख्या बढ्दो छ । यस दिन मन परेको मान्छेलाई प्रेम प्रस्ताव राख्ने, प्रेममा रहेकाले एकअर्कामा प्रेमभाव साटासाट गर्ने, विभिन्न उपहार दिई मनाउने चलन छ । प्रेम सम्बन्धलाई अझ कसिलो, विश्वसनीय रपरिपक्व बनाउने, प्रेम सम्बन्ध कसिलो भइसकेकाहरुले सम्बन्धलाई दाम्पत्य जीवनमा परिणतगर्ने, दाम्पत्य जीवन बिताइ रहेकाले दाम्पत्य जीवनयात्रालाई अझ सुखमय, आनन्दमय रदिर्घायु बनाउने र विदुर विदुषीहरुले आफ्ना दिवंगत जीवनसाथीको सम्झना गर्दै मृतआत्माको चीर शान्तिको लागि प्रार्थना गर्ने एक महत्वपूर्ण सूवर्ण अवसरकारुपमा सदुपयोग गर्ने गरेको पाइन्छ । तर अचेल सबैमा प्रेम सहज र सस्तो भएको छ ।

प्रेमलाईअहिलेका युवाहरूले टाइमपास गर्ने माध्यम बनाएका छन् । मन लागेका बेला प्रेमको नाटक रच्यो नलाग्दा त्यसैलाई बलिको बोका बनाउने गर्न थालिएको छ । तर यसो हुनु गलत हो। साँचो प्रेममा त्याग हुन्छ, विश्वास हुन्छ । माया प्रेमले जीवनलाई नै रंगीन बनाउँछ,जीवनका गोरेटोहरूको पाइला चाल्न सहज बनाउँछ । एक अर्काबीचको माया प्रेमले जीवनकायोजना र हरेक क्षेत्रका सफलताका लागि बाटो खुल्छ । युवा पुस्तामा बढेको गलतअभिप्रायको प्रेम लहरको परिणाम गलत हुन्छ । त्यसैले प्रेमलाई सकारात्मक रुपमा लिनआवश्यक छ । यसर्थ दिवसलाई देखाउनका लागिहैन माया, सद्भावका रुपमा बनाऔं । प्रयण दिवसको सबैमा शुभकामना ।

### Opinion @ Socia Network

बुझ्नेलाई एउटा शब्द नै काफी हुन्छ, नबुझ्नेलाई हजारौं शब्दले पनि केही फरक पर्दैन।

*(विवेक रानाको फेसबुक स्टाटसबाट www.facebook.com/bibek.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नवउदारवादी अर्थतन्त्रको संकट र नेपाल



## गणेश अम्गाई

नवउदारवादी आर्थिक नीतिले विश्वभर बजारलाई खुला बनाउँदै आर्थिक वृद्धिको सपना देखाएको भए पनि यसका सीमितताहरू स्पष्ट हुन थालेका छन्। निजीकरण र खुला व्यापारको अवधारणाले पूँजीको केन्द्रीकरण गराउँदा विश्वव्यापी रूपमा आर्थिक असमानताको खाडल डरलाग्दो गरी गहिरिएको देखिन्छ। आधारभूत सेवाहरू जस्तै शिक्षा र स्वास्थ्यमा राज्यको भूमिका खुम्चिएपछि गरिब र धनी बीचको दूरी मात्र बढेको छैन, बरु आम नागरिकमा प्रणाली प्रतिको चरम वितृष्णा समेत उत्पन्न भएको छ।

आर्थिक संकट र मुद्रास्फीतिको मारमा परेका आम मानिसले अब प्रचलित अर्थनीतिले मात्र उनीहरूको जीवनस्तर सुधार्न नसक्ने महसुस गरिरहेका छन्। यही पृष्ठभूमिमा वैकल्पिक आर्थिक मोडेलहरूको खोजी हुन थालेको हो जहाँ राज्यले सामाजिक सुरक्षा र कल्याणकारी कार्यमा पुन: सक्रियता देखाउन सकोस्।नेपाल जस्ता कम विकसित मुलुकका लागि पाँच उत्कृष्ट वैकल्पिक आर्थिक मोडेलहरू सुझावको रूपमा अघि सार्न सकिन्छ। पहिलो, सहकारीमा आधारित समाजवाद, जसले स्थानीय पूँजी र श्रमलाई एकीकृत गर्दै समुदायको स्वामित्वमा उत्पादन वृद्धि गर्दछ। दोस्रो, संरक्षणवादी आत्मनिर्भर अर्थतन्त्र, जसले स्वदेशी कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगलाई कर छुट र सहुलियत दिएर आयात प्रतिस्थापनमा जोड दिन्छ। तेस्रो, कल्याणकारी पूँजीवाद, जहाँ शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा राज्यले पूर्ण दायित्व लिन्छ भने उत्पादनमा निजी क्षेत्रलाई प्रतिस्पर्धा गर्न दिइन्छ। चौथो, पारिस्थितिक अर्थशास्त्र, जसले वातावरण विनाश नगरी दिगो विकास र नवीकरणीय ऊर्जामा लगानीलाई प्राथमिकता दिन्छ। पाँचौं, डिजिटल र ज्ञानमा आधारित अर्थतन्त्र, जसले उच्च प्रविधिको प्रयोग गरी सेवा क्षेत्र निर्यात गर्दै बेरोजगारी अन्त्य गर्न मद्दत पुर्‍याउँछ।यी वैकल्पिक मोडेलहरूको सफल कार्यान्वयनका लागि नेपालले मिश्रित र सन्तुलित नीति अवलम्बन गर्नुपर्ने देखिन्छ। सरकारले केवल नियमनकारी भूमिकामा मात्र सीमित नरही रणनीतिक महत्वका क्षेत्रहरू जस्तै जलविद्युत्, पर्यटन र कृषि प्रशोधनमा प्रत्यक्ष लगानी वा सार्वजनिक-निजी साझेदारीलाई बढावा दिनुपर्छ। गाउँ-गाउँमा रहेका प्राकृतिक स्रोतको उपयोग गर्न 'एक गाउँ एक उत्पादन' जस्ता अवधारणालाई प्रविधिसँग जोडेर आत्मनिर्भरताको बाटो तय गर्न सकिन्छ। विदेशी ऋणमा आधारित ठूला पूर्वाधारभन्दा पनि आन्तरिक स्रोत परिचालन गरी रोजगारी सिर्जना गर्ने साना परियोजनाहरूले देशको अर्थतन्त्रलाई जगैदेखि बलियो बनाउन सक्छन् । यस्ता नीतिहरूले मात्रै वैदेशिक रोजगारीमा जाने युवा शक्तिलाई स्वदेशमै रोकेर आर्थिक समृद्धिको आधार तयार पार्न मद्दत पुर्‍याउनेछन् । नेपालमा २०४६ सालको परिवर्तनपछि अंगीकार गरिएको नवउदारवादी नीतिका कारण अर्थतन्त्रमा गम्भीर विचलन र असफलताहरू देखापरेका छन्। यसका स्पष्ट उदाहरण भृकुटी कागज र बाँसबारी छालाजुत्ता जस्ता सरकारी उद्योगहरूको हतारमा गरिएको निजीकरण र त्यसपछिको बन्दलाई लिन सकिन्छ। सार्वजनिक शिक्षा र स्वास्थ्यको गुणस्तर खस्किएर निजी क्षेत्रको व्यापार फस्टाउँदा आम नागरिक महँगो सेवा लिन बाध्य भए भने कृषिमा अनुदान कटौती र मलको अभावले खेतीयोग्य जमिन बाँझो रहन पुग्यो। स्वदेशी उत्पादन घट्दा आयातमा आधारित व्यापार घाटा चुलिनु, वैदेशिक रोजगारीलाई नै मेरुदण्ड मान्ने अदूरदर्शी नीति अपनाइनु र प्राकृतिक स्रोतको दोहन गरी सीमित बिचौलियालाई लाभ पुर्‍याइनुले यो अर्थनीति पूर्ण रूपमा विफल भएको पुष्टि गर्दछ । यही नीतिगत असफलताका कारण उद्योगहरू कौडीको भाउमा बेचिएपछि उत्पादनशील क्षेत्र धराशायी बन्यो र देश केवल रेमिट्यान्समा मात्र निर्भर रहने अवस्था सिर्जना भयो । बैंक र वित्तीय संस्थाहरू मुठ्ठीभर उद्योगीको कब्जामा रहनु, श्रमिकको ज्याला नबढ्नु र आधारभूत वस्तुहरूमा कार्टेलिङ र सिन्डिकेट कायम रहनुले माफियाकरणलाई थप प्रश्रय दियो। बेरोजगारीको समस्याले युवा पुस्ता विदेश पलायन हुन बाध्य भइरहेका बेला दशकौंसम्म सत्ता सम्हालेका दलहरूले नवउदारवादको नाममा सीमित स्वार्थ समूहलाई मात्र पोस्ने काम गरे । परिणाम स्वरूप, परम्परागत राजनीतिक शक्तिहरूबाट ठोस परिवर्तनको आशा राखेका नेपाली जनतामा अहिले प्रचलित व्यवस्था र पुराना दलहरूप्रति चरम असन्तुष्टि र वितृष्णा चुलिन पुगेको छ। नेपाली कांग्रेसले देशमा प्रजातन्त्रको पुन:स्थापनापछि नवउदारवादी नीतिको नेतृत्वदायी भूमिका निर्वाह गरे पनि यसको कार्यान्वयन पक्ष निकै विवादित रह्यो। पार्टीले अघि सारेका आर्थिक सुधारहरूले मुठ्ठीभरका उद्यमी र बिचौलियाहरूलाई मात्र लाभ पुर्‍यायो भने मध्यम र न्यून वर्ग आर्थिक मारमा परे।

कांग्रेसको नेतृत्वमा भएका निजीकरणका प्रयासहरूले स्वदेशी उत्पादनलाई प्रोत्साहन दिनुको सट्टा परनिर्भरता मात्र बढाएको आरोप खेप्नुपरेको छ। दलको आन्तरिक लोकतन्त्र कमजोर हुनु र भ्रष्टाचारका मुद्दाहरूमा नेताहरू संलग्न देखिनुले यो पार्टीले जनताको आर्थिक मुक्ति गर्न सक्छ भन्ने विश्वास गुम्दै गएको छ। पुरानो विचार र परम्परागत कार्यशैलीले गर्दा कांग्रेस अब नयाँ पुस्ताको भावना र आजको आर्थिक चुनौतीलाई सम्बोधन गर्न पूर्ण रूपमा असफल सावित भएको छ।अर्कोतर्फ, साम्यवादको नारा दिने नेकपा एमाले पनि सत्तामा पुगेपछि नवउदारवादी संरचनाकै चङ्गुलमा फसेको देखिन्छ। वर्गविहीन समाजशको कल्पना गर्ने पार्टीले पूँजीवादी दलालहरूसँग साँठगाँठ गरेको र नीतिगत भ्रष्टाचारलाई प्रश्रय दिएको अनुभव जनताले गरिरहेका छन्। नेकपा एमालेको राष्ट्रवाद र समृद्धिको नारा केवल चुनावी नारामा मात्र सीमित भयो र व्यावहारिक रूपमा यसले जनताको दैनिक जीवनमा कुनै तात्विक परिवर्तन ल्याउन सकेन। पार्टीभित्रको व्यक्तिवादी सोच र सत्ताको लुछाचुँडीले गर्दा देशको आर्थिक प्राथमिकताहरू सधैं छायाँमा परे। परिणामस्वरूप, एमालेले पनि आफूलाई वैकल्पिक शक्तिको रूपमा उभ्याउन सकेन र परम्परागत अस्थिरताको कारकको रूपमा मात्र जनतामाझ स्थापित हुन पुग्यो ।

नेपाली राजनीतिमा ठूलो उथलपुथल ल्याएको नेकपा माओवादीको अवस्था पनि उस्तै निराशाजनक देखिएको छ। युद्धको माध्यमबाट आमूल परिवर्तनको सपना बाँडेको यो शक्ति शान्ति प्रक्रियामा आएपछि सत्ताको फोहोरी खेलमा नराम्ररी रुमलिन पुग्यो। सर्वहारा वर्गको हित दाबी गर्ने माओवादी नेताहरू नै विलासी जीवनशैली र शक्ति सैर्षमा केन्द्रित भएपछि कार्यकर्ता र जनतामा तीव्र नैराश्यता छायो। संघीयता र समावेशिता जस्ता उपलब्धिहरूलाई संस्थागत गर्ने नाममा भ्रष्टाचार र अनियमितता मौलाउनुले माओवादीको साख पूरै गिराएको छ। जनताका वास्तविक समस्याहरू भन्दा पनि सत्ताको अंकगणितमा मात्र ध्यान दिने प्रवृत्तिले माओवादी अब सान्दर्भिक राजनीतिक शक्तिको रूपमा रहन नसक्ने अवस्थामा पुगेको छ।

यी तीनवटै पुराना दलहरू कांग्रेस, एमाले र माओवादीको कार्यशैली र विचारको असफलताले नै नेपाली राजनीतिमा रिक्तता सिर्जना गरेको हो। यी दलहरूले कहिल्यै पनि देशको मौलिक आवश्यकता अनुसारको आर्थिक खाका तयार पार्न सकेनन् र केवल विदेशी मोडलहरूलाई अन्धाधुन्ध पछ्याइरहे। नेतृत्वमा देखिएको अकर्मण्यता, नीतिगत विचलन र जनताप्रति उत्तरदायित्वको अभावले गर्दा आम नागरिकले अब यी शक्तिहरूबाट सुधारको अपेक्षा गर्न छोडिसकेका छन्। भ्रष्टाचारका ठूला काण्डहरूमा तीनै दलका शीर्ष नेताहरूको नाम मुछिनुले उनीहरूको नैतिक धरातल पूर्ण रूपमा समाप्त भएको देखिन्छ। यही निराशाको जगमा उभिएर नेपाली जनताले अब नयाँ सोच र नयाँ अनुहारको खोजी गर्न थालेका हुन् । यही राजनीतिक सङ्क्रमण र असन्तुष्टिको बीचमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदय एक शक्तिशाली विकल्पको रूपमा भएको छ। पुराना दलहरूको सिन्डिकेट र भ्रष्टाचारले वाक्क भएका जनताले रास्वपालाई आशाको एउटा किरणको रूपमा स्वीकार गरेका छन्। छोटो समयमै यो दलले प्राप्त गरेको लोकप्रियताले के स्पष्ट पार्छ भने नेपाली समाज अब परम्परागत राजनीतिबाट मुक्त हुन चाहन्छ। सुशासन र डेलिभरीलाई मुख्य एजेन्डा बनाएको यो शक्तिले युवा पुस्ता र शहरी मतदाताको मन जित्न सफल भएको छ। रास्वपाको उदयले पुराना दलहरूलाई ठूलो धक्का दिएको छ भने राजनीतिमा अब केवल नाम र इतिहासले मात्र पुग्दैन, बरु काम र परिणाम नै चाहिन्छ भन्ने सन्देश प्रवाह गरेको छ।राष्ट्रिय स्वतन्त्र पार्टीले परम्परागत राजनीतिक दलहरूले गर्दै आएको भागबन्डा र नातावादको राजनीतिलाई चुनौती दिने प्रयास गरेको देखिन्छ। यसले प्राविधिक दक्षता, जवाफदेहिता र पारदर्शितालाई आफ्नो मुख्य मन्त्र बनाएको छ, जुन आजको समयको माग पनि हो। पुराना दलहरूले जस्तो केवल भाषणमा मात्र सीमित नरही यसले जनताका गुनासाहरूलाई प्रत्यक्ष सम्बोधन गर्ने र सुशासनको प्रत्याभूति दिने दाबी गर्दै आएको छ। यदि यो दलले आफ्नो स्पष्ट आर्थिक कार्यदिशा तय गर्न सक्यो र केवल विरोधमा मात्र सीमित नभई विकल्प दिन सक्यो भने यसको भविष्य अझ उज्ज्वल रहने निश्चित छ। नेपाली जनताले अब भावनामा बगेर भन्दा पनि तर्क र तथ्यका आधारमा नेतृत्व छनोट गर्न शुरु गरेको यो सुखद संकेत हो।

नेपालको अहिलेको मुख्य चुनौती भनेको नवउदारवादलेनिम्त्याएका समस्याहरूलाई समाधान गर्दै एउटा मौलिक र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु हो। पुराना दलहरू असफल हुनुको पछाडि उनीहरूले कहिल्यै पनि नेपाली माटो सुहाउँदो आर्थिक विकासको बाटो खोज्न नसक्नु नै प्रमुख कारण हो। अबको नेतृत्वले शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेर राज्यको भूमिकालाई बलियो बनाउनुपर्ने आवश्यकता छ। बजारलाई खुला छोड्दैमा मात्र विकास हुँदैन भन्ने पाठ विश्वव्यापी आर्थिक संकटले सिकाएको छ। त्यसैले, नयाँ शक्तिहरूले पनि केवल सत्ता परिवर्तनको कुरा नगरी नीतिगत परिवर्तन र आर्थिक न्यायको मुद्दालाई दह्रोसँग समात्न सक्नुपर्छ।

निष्कर्षमा, नेपाल अहिले एउटा ऐतिहासिक मोडमा उभिएको छ जहाँ पुराना र असफल शक्तिहरूको बिदाइ र नयाँ सोचको उदय भइरहेको छ। विश्वभरि नै नवउदारवादी नीतिहरू माथि प्रश्न उठिरहेको बेला नेपालले आफ्नो छुट्टै र सन्तुलित आर्थिक बाटो तय गर्नुपर्ने बेला आएको छ। पुराना दलहरू कांग्रेस, एमाले र माओवादीको असफलताबाट पाठ सिक्दै राष्ट्रिय स्वतन्त्र पार्टी जस्ता नयाँ शक्तिहरूले जनताको विश्वासलाई कायम राख्न सक्नुपर्छ। अबको राजनीति केवल शक्ति प्राप्तिको माध्यम नभई देशको आर्थिक रूपान्तरण र नागरिकको समृद्धिको साधन बन्नुपर्छ। जबसम्म हामीले सुशासन र आत्मनिर्भरताको जगमा नयाँ आर्थिक मोडल निर्माण गर्दैनौं, तबसम्म जनताको अपेक्षा पूरा हुन कठिन हुनेछ ।-

***अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक स्थिति मजबुत रहनेछ । स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। | **तुला** : बोली प्रभावशाली रहनेछ । संचित धनमा वृद्धि हुनेछ। |
| **वृष** :दाम्पत्य जीवन सुमधुर रहनेछ । रोजगारीलाई लिएर समस्या आउनेछ । | **वृश्चिक** : आत्मविश्वासमा वृद्धि हुनेछ । नयाँ योजनाहरू प्रभावित रहनेछन्। |
| **मिथुन**: काममा सफलता मिल्नेछ । विरोधीहरूले काममा बाधापुर्‍याउने छन्। | **धनु** : अरुको भरमा ढुक्क नपर्नुहोला । स्वास्थ्यलाई लिएर सावधान रहनुहोस्। |
| **कर्कट** : सन्तानको सहयोग प्राप्त हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। | **मकर** : अरूको मन जित्न सकिनेछ। शेयर बजारबाट लाभ रहनेछ । |
| **सिंह** :कार्यक्षेत्रमा प्रगति हुनेछ । कुनै कुरालाई लिएर मनमा दुविधा रहनेछ । | **कुम्भ** : भुक्याउन सक्लान् सावधान रहनुहोस् । अध्ययनमा मन लाग्नेछ । |
| **कन्या** : नयाँ कामको प्रस्ताव मिल्नेछ । रोकिएको काम बनाउन सकिनेछ | **मीन** : धार्मिक कार्यमा संलग्न भइनेछ। विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ। |

साहित्य दर्पण

कृति/समीक्षा — चिरञ्जीवी दाहाल

# पाल्पामा नेपाल भाषा साहित्यको इतिहास : एक ऐतिहासिक कृति

मेरो हातमा साहित्यकारद्वय पुष्कर अथक रेग्मी र राजेन्द्र गोपाल सिँहद्वारा संयुक्त रूपमा लेखिएको अत्यन्त महत्ववपूर्ण कृति“ पाल्पामा नेपाल भाषा साहित्यको इतिहास“ नाम गरेको सुन्दर कृति छ । म निकै तन्मयका साथ यो पुस्तक अध्ययन गरिरहेको छु । पाल्पा नामसँग मेरो पूरानो र आत्मिय सम्बन्ध छ । त्यसैले पनि यो कृतिले मलाई चुम्बकले फलामलाई तानिरहे जस्तै तानिरहेको छ । किनकि मैले पनि चालिसको दशक ताका आफ्नो जिन्दगीको उर्वर उमेरमा लगभग आठ दश वर्ष जति पाल्पाको पानी पिएको थिएँ । पाल्पाको परिचय नेपालको एक जिल्ला मात्र भनेर पूर्ण हुँदैन । पाल्पा शिक्षा, स्वास्थ्य, कला, संस्कृति, साहित्य र भाषाका दृष्टिकोणले पनि अत्यन्त संवृद्धशाली र ऐतिहासिक स्थल हो । यिनै विषयमा मलाई पाल्पाले अनगिन्ती महत्त्वपूर्ण कुराहरू दिएको छ । तानसेनको धवल पुस्तकालय र ताहूँ स्थित तत्कालीन नवज्योति वाचनालय र रम्भा वाचनालयलाई म जीवनभर भुल्न सक्दिन । “पाल्पामा नेपाल भाषा साहित्यको इतिहास'' कृतिको आवरणमा तानसेन दरबार, तानसेन शहर, तानसेनमा सम्पन्न नेपाल भाषा सम्बन्धी गोष्ठी लगायत अन्य केही ऐतिहासिक तस्बिरहरूको संयोजन गरिएकोले कृति सुन्दर देखिएको छ । लव जोशी, शान्ता शाक्य,नीलम गोपाल श्रेष्ठ,प्रमी श्रेष्ठ, विनय शाक्य, जीवन श्रेष्ठ र शैलजा श्रेष्ठले संयुक्त रूपमा कृति प्रकाशनको जिम्मेवारी लिएको देखिन्छ भने कृति वितरणको जिम्मा पाल्पा साहित्य समाजले लिएको छ । समग्रमा जम्मा ७२ पृष्ठको कृतिमा सायद प्रकाशन संस्थाको कमिकमजोरीका कारण मसँग प्राप्त भएको कृतिमा केही पृष्ठहरू खाली छन् । हुनसक्छ कृतिको भूमिका र प्रकाशकीय यिनै खाली पृष्ठमा हुनुपर्छ । जेहोस् पाल्पामा नेपाल भाषाको इतिहास अध्ययन गर्न कुनै बाधा उत्पन्न भएन । लेखकद्वयले प्रस्तुत कृति लेखनका क्रममा लिएको सन्दर्भ सामाग्रीको सूची निकै लामो भएकोले कृतिलाई अनेकौं ग्रन्थहरूको सारका रूपमा लिन सकिन्छ र लेखकहरूले निकै मेहनतका साथ कृति तयार गरेको बुझिन्छ । उपसंहार सहित १५ वटा शीर्षक अन्तर्गतका विविध सामाग्रीहरू संग्रहित गरिएको कृतिले पाल्पामा नेपाल भाषा साहित्य सन्दर्भमा महत्वपूर्ण कुरा बोलेको छ । इतिहास लेखनकार्य सहज विषय होइन । इतिहास लेख्दा अनुमानका भरमा, कल्पनामा डुबेर, भावनामा बगेर लेखिएको सामाग्रीबाट इतिहास बन्दैन । इतिहासले यथार्थ बोलेको हुनुपर्छ र इतिहास सधैँ सत्यको नजिक हुनुपर्छ । लेखकद्वयले यसलाई आत्मसात् गरेर कृति तयार गरेका छन् ।

*इतिहास लेख्दा अनुमानका भरमा, कल्पनामा डुबेर, भावनामा बगेर लेखिएको सामाग्रीबाट इतिहास बन्दैन । इतिहासले यथार्थ बोलेको हुनुपर्छ र इतिहास सधैँ सत्यको नजिक हुनुपर्छ । लेखकद्वयले यसलाई आत्मसात् गरेर कृति तयार गरेका छन् ।“नेपाल शब्दको उत्पत्ति र मान्यता“ शीर्षकको आलेखमा नेपाल नाम रहनुका पौराणिक र अन्य विविध तर्कहरू सहितको लामै सूची पेश गरिएको छ । कृतिमा नेवार समुदाय उपत्यकाका आदिवासी एवं भूमिपुत्र भएको र नेवार शब्द नेपाल शब्दकै समानार्थी शब्द भएको बलियो तर्क प्रस्तुत गरिएको छ । नेपाल भाषा अर्थात् नेवारी भाषा गोपाली र महिषपालीहरूले बोल्ने गरेको आभिर भाषा र किराँतीहरूको भाषा सम्मिलन गरी एक नयाँ भाषा नेपाल भाषाको सृजना गरिएको रहस्योद्घाटन समेत गरिएको छ ।*

“नेपाल शब्दको उत्पत्ति र मान्यता“ शीर्षकको आलेखमा नेपाल नाम रहनुका पौराणिक र अन्य विविध तर्कहरू सहितको लामै सूची पेश गरिएको छ । कृतिमा नेवार समुदाय उपत्यकाका आदिवासी एवं भूमिपुत्र भएको र नेवार शब्द नेपाल शब्दकै समानार्थी शब्द भएको बलियो तर्क प्रस्तुत गरिएको छ । नेपाल भाषा अर्थात् नेवारी भाषा गोपाली र महिषपालीहरूले बोल्ने गरेको आभिर भाषा र किराँतीहरूको भाषा सम्मिलन गरी एक नयाँ भाषा नेपाल भाषाको सृजना गरिएको रहस्योद्घाटन समेत गरिएको छ । लेखकहरूले कृतिमा वैशालीबाट पलायन भएर प्रवेश गरेका लिच्छविहरूले समेत यिनै किराँत र नेवारहरूको भाषा बोल्दै नेवारी संस्कृति र समुदायमा विलय भएको उल्लेख गरेका छन् । यस बाहेक जयस्थिति मल्लको पालादेखि तत्कालीन समयका केही चर्चित ग्रन्थहरू नेवारी भाषामा अनुवाद गर्न आरम्भ गरिएको कुरा समेत पुस्तकना सगौरव उल्लेख गरिएको छ । यसै सिलसिलामा “विचित्र कौटुक, हरमेखला, नारद संहिता,अमरकोष र पञ्चतन्त्राख्यान हरूको उल्लेख गरिएको छ । यसरी लेखकद्वयले पाँचौँ शीर्षकसम्म समग्र मुलुकको नेपाल भाषाको इतिहास सम्बन्धमा प्रकाश पारेका छन् भने छैठौं अध्याय देखि “पाल्पामा नेवारहरूको आगमन “ का बारेमा स्पष्ट सँग वर्णन गरिएको छ । जस अनुसार वि सं १८३४ को राजा प्रतापसिंहको एक ऐतिहासिक पत्रमा उल्लेख गरिए अनुसार त्यति बेला पनि पाल्पामा नेवारहरू रहेको देखिएकोले पाल्पाका राजा मुकुन्द सेन द्वितीयको समयमा नै पाल्पामा नेवारहरू प्रवेश गरेको अनुमान गरिएको छ ।

यसैगरी कृतिमा पाल्पाका नेवारहरूले बोल्ने भाषा, आदिम परम्परा, गुठी संस्कार, कला संस्कृति र पाल्पाका नेवारहरूले मनाउने महत्त्वपूर्ण र अनगिन्ती चाडपर्वका सन्दर्भमा विस्तारमा वर्णन गरिएको छ । यसैगरी पाल्पामा नेपाल भाषाको विकास , विस्तार र उन्नयनका लागि पाल्पाली भाषाविद्,समाजसेवी र साहित्यकारहरूले दिएको महत्वपूर्ण योगदानको विषयमा पनि कृतिले स्पष्ट पारेको छ । यसैगरी नेवारी भाषा र भेषभूषाको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले स्थापना गरिएका पाल्पाका केही नेवारी भजन मण्डली, पुस्तक पढ्ने दलान, विहारहरू, संघ संस्था र गुठी हरूको विषयमा समेत विशेष चर्चा गरिएकोले कृति निकै सुन्दर बनेको छ ।कृतिले पछिल्लो समयमा नेपाल भाषामा कृतिहरू प्रकाशन गर्ने पाल्पाका अयोध्या प्रसाद प्रधान, भिक्षु शाक्यानन्द महास्थवीर, भिक्षु डा. अमृतानन्द महास्थवीर, भिक्षु चुन्दशास्त्री महास्थवीर लगायत पछिलो पुस्ताकी अर्चना शाक्यद्वारा लेखिएको “ख्वबि व लायलामा“ सम्मको उल्लेख गरिएको छ । यतिमात्र होइन, नेपाल भाषामा फुटकर लेख रचना प्रकाशित गर्ने स्रष्टाको नालीबेलीले कृति उच्चकोटीको बनेको छ । इतिहास लेखनका क्रममा लेखकद्वयलाई यति ले मात्र चित्त बुझेन, उनीहरूले नेपाल भाषा साहित्यको विधागत अवस्थालाई समेत निकै सुन्दर ढङ्गले चिरफार गरिदिएर आृना सहृदयी पाठकहरूलाई ठूलो गुन लगाएका छन् । जस अनुसार चिनाखँ अर्थात् काव्य, आख्यान, प्याखँ अर्थात् नाटक, च्वसु अर्थात् निबन्धका विषयमा कसले , कहिले र कुन विषयमा लेखेको हो सम्पूर्ण विधा सहित खुलाएर वर्णन गरिएको छ । अन्तमा उपसंहार मार्फत नेवार समुदायले भाषा, साहित्य र संस्कृतिको संरक्षण सम्वर्द्धन र प्रवर्द्धनका क्षेत्रमा अझै थप योगदान दिनुपर्ने उल्लेख्य सुझावहरू समेत दिइएको छ । यसैगरी कृतिको परिशिष्ट अन्तर्गत “छायाँ छविमा सन्दर्भ प्रसंग“ शीर्षकमा नेपाल भाषासँग सम्बन्धित विभिन्न लेख रचना तथा तस्बिरहरू समावेश गरी कृतिलाई थप ओजिलो बनाइएको छ । यस कृतिमा पाल्पा जिल्लाका अन्य स्थानका नेपाल भाषा बोल्ने र नेवारी संस्कृतिमा हुर्किएकाहरूको पनि केही सामान्य गतिविधिहरू र अन्य जानकारी समावेश गरिदिएको भए प्रस्तुत कृति अझै रोचक र गहकिलो हुने थियो । जे होस् पाल्पामा नेपाल भाषा साहित्यको क्षेत्रमा भए गरेका उल्लेख्य कार्यहरू र त्यसको इतिहासका बारेमा जानकारी लिन खोज्ने सामान्य पाठक, विद्यार्थी, शोधार्थी र अनुसन्धाताहरूले लागि प्रस्तुत कृति अत्यन्त उपयोगी बनेको छ । कृति पठनीय र संग्रहणीय छ ।

इतिहास जस्तो गम्भीर विषयमा लेखकद्वयले यथार्थ मूलक सामाग्रीहरूको दस्तावेजका रूपमा निकै मेहनतका साथ “पाल्पामा नेपाल भाषाको इतिहास“ जस्तो महत्वपूर्ण र अमूल्य कृति प्रकाशन गरेकोमा लेखकद्वय लगायत प्रकाशकहरू र वितरण संस्था पाल्पा साहित्य समाजप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।-

***समकालिन साहित्य***

कथा — शिवेस कुमार सिंह

# अस्वस्थ प्रतिस्पर्धा (कथा/नवपुस्ता)

कुरा आजभन्दा चौध वर्ष अगाडिको हो, जतिखेर अहिलेको लेटर ग्रेडिंगसहितको एसइई परीक्षाको सट्टा प्राप्तांकसहितको एसएलसी परीक्षा हुने गर्थ्यो । विद्यालयहरूमा विद्यार्थीलाई विशिष्ट / प्रथम श्रेणीसहित धेरै प्रतिशतमा पास गराउने होडबाजी नै चल्थ्यो । जुन विद्यालयले राम्रो श्रेणीसहित धेरै विद्यार्थी उत्तीर्ण गराउन सक्थ्यो, त्यो विद्यालयको शान नै बेग्लै हुन्थ्यो । त्यसैगरी विद्यार्थीबीच कसले को भन्दा धेरै नम्बर ल्याउने भन्ने प्रतिस्पर्धा नै चल्थ्यो ।

मकवानपुर जिल्लाको ग्रामीण भेगमा एउटा नमुना माध्यमिक विद्यालय थियो । एसएलसी परीक्षा आउन लगभग एक महिना बाँकी थियो । विद्यालय, शिक्षक, अभिभावक र स्वयम् विद्यार्थी कम्मर कसेर परीक्षाको तयारीमा लागेका थिए । लामो समयदेखि अध्यापन गराइरहेका गणित र अंग्रेजीका शिक्षकहरू आृनो फुर्सद पिरियडमा शिक्षक कर्मचारीहरू बस्ने भवनको पहिल्लो तल्लाको बार्दलीमा बसेर विद्यालयको गतिविधि नियालिरहेका हुन्थे । बार्दलीबाट सबै कक्षाकोठाहरू, स्कुलको चौरको स्पष्ट अवलोकन हुन्थ्यो । आउँदै गरेको एसएलसी परीक्षालाई मध्यनजर गरेर उनीहरू छलफल गरिरहेका थिए ।

गत वर्ष यो विद्यालयले एकजना विशिष्ट श्रेणीसहित पचास प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएको थियो भने यो वर्ष कम्तीमा दुईजना विशिष्ट श्रेणीसहित सत्तरी प्रतिशत विद्यार्थी पास गराउने लक्ष्य राखेको थियो । विद्यालयले उमेश र किशोरले विशिष्ट श्रेणी ल्याउने आशा जताएको थियो । तर यी दुईको पढ्ने शैली र स्वभाव बिल्कुलै फरक थियो । उमेश कुरा बुझेर पढ्थ्यो, परीक्षामा नम्बर ल्याउनकै लागि पढ्दैनथ्यो र नजानेको विषयवस्तुमा घोत्लिरहन्थ्यो भने किशोर परीक्षाकेन्द्रित भएर पढ्थ्यो, धेरै विस्तृतमा नगइ टाइमटेबल बनाएर पढ्थ्यो । विगतका नतिजामा किशोरले उमेशलाई धेरैपल्ट उछिनेको थियो ।

गणित र अंग्रेजीका यी दुई शिक्षकहरूको छलफल उमेश र किशोरतिर मोडियो । गणित शिक्षकले उमेशलाई र अंग्रेजी शिक्षकले किशोरलाई अलि बढी मन पराउँथे । “खै के भन्नु सर तपाइँ उमेश जान्ने विद्यार्थी भन्नुहुन्छ, अरु साथीहरू पनि भन्छन् तर हाम्रो आन्तरिक परीक्षामा राम्रो नम्बर नै ल्याउँदैन । उता किशोरले भने राम्रो नम्बर ल्याइराखेको हुन्छ । उमेशले एसएलसीमा विशिष्ट श्रेणी ल्याउला भन्नेमा मलाई शंका लाग्छ ।”, अंग्रेजी शिक्षकले आन्तरिक परीक्षाको नतिजाको विश्लेषण गर्दै भने । “ल्याउला / नल्याउला, त्यो त भन्न सक्दिनँ तर मलाई विश्वास छ । उमेश जसरी बुझेर पढ्छ, परीक्षा अप्ठ्यारो आए पनि उसलाई अप्ठ्यारो नपर्ला । तर किशोरको जुन किसिमको परीक्षाकेन्द्रित पढाई छ, यदि परीक्षा बुझाइ, मौलिकता र सिर्जनात्मकता मापन गर्ने किसिमको आयो भने किशोर अप्ठ्यारोमा पर्न सक्छ ।”, दुवै विद्यार्थीको पढ्ने शैलीको आधारमा गणित शिक्षकले अंग्रेजी शिक्षकको कुरालाई खण्डन गरे । “यदि उमेशले बुझेर पढ्छ, जान्ने विद्यार्थी हो भने त उसले परीक्षामा झन् राम्रो गर्नुपर्ने होइन र ? तपाईं किशोरले कसरी त्यसै परीक्षामा राम्रो नम्बर ल्याइराखेको भन्नुहुन्छ ? विद्यार्थीलाई परीक्षाकेन्द्रित भएर पढाउनु गलत हो र ?”, गणित शिक्षकको कुरा अंग्रेजी शिक्षकलाई चित्त बुझेन । “हेर्नुस् सर म आफैँ पनि बुझेर पढ्ने मान्छे । तपाईंलाई एउटा उदाहरण दिएर भन्छु । जे मैले पढाएको / सिकाएको हुन्छु, किशोरले त्यो मात्र गर्न सकिरहेको हुन्छ तर उमेशले मैले नपढाएको / नसिकाएको गणितको समस्या पनि समाधान गर्न सक्छ । कतिपय मैले समाधान गर्न नसकेको समस्या पनि उमेशले सजिलै गरेको देख्छु । त्यस्तै परे उल्टै मलाई नै कतिपय गणितका अवधारणाहरू सिकाइराखेको हुन्छ ।” गणितको शिक्षकले व्याख्या गर्दै भने, “मैले यतिका वर्षसम्म पढाएर नजानेको कुरा उसले कसरी जान्यो त ? म कसरी उसलाई जान्ने विद्यार्थी नभनूँ ? जहाँसम्म उमेशले परीक्षामा राम्रो नम्बर ल्याउन नसकेको कुरा छ, खासमा उसले आृनो समय, मेहनत विषयवस्तु बुझ्नमा खर्चिएको छ । जब परीक्षा नजिकिएला, उसले आफूलाई त्यतातिर मोड्ने नै छ ।”“भनेपछि परीक्षा भनेको केही होइन र ? परीक्षामा राम्रो नम्बर ल्याउने विद्यार्थी जान्ने नहुन पनि सक्छ ? परीक्षाकै नतिजाको आधारमा मात्रै विद्यार्थीको मुल्याङ्कन गर्न मिल्दैन, हो ?,” अंग्रेजी शिक्षकले जिज्ञासा राखे ।

“केही होइन भनेको होइनह सबैथोक चाहिँ होइन । परीक्षामा नम्बर ल्याउनकै लागि मात्रै पढ्नु र पढाउनु भएन । पढाइ भनेको त सीप सिक्नु, कुरा बुझ्नु, सोच्न सिक्नु, विभिन्न समस्या समाधान गर्ने बन्न सक्नु हो । अक्सर हामीले विद्यार्थीहरूलाई अस्वस्थ प्रतिस्पर्धामा उतारिरहेका हुन्छौं । नम्बरलाई यति प्राथमिकता दिइन्छ कि उनीहरू खासमा पढ्नुपर्ने/बुझ्नुपर्ने कुरामा ध्यान नै दिँदैनन् । अनि पढाइ बोझ बन्न जान्छ । कालान्तरमा पढाइप्रति वितृष्णा नै जाग्छ र चाहेर पनि भविष्यमा राम्रो गर्न सक्दैनन् ।”, गणित शिक्षकले स्पष्ट रूपमा भने । “तपाईंको कुरा ठिक हो । आजकल रेडिमेड पढाइले बजार तताएको छ । अभिभावकहरू पनि त्यसमै रमाउछन् । विद्यार्थीहरू आफू मेहनत गरेर, अनुसन्धान गरेर पढ्न खोज्दैनन्ह खालि शिक्षकले नै सबै कुरा गरिदिए हुन्थ्यो सोच्छन् । खैर छोडौं, अबको एक महिनामा परीक्षा पनि होला, चार( पाँच महिनामा नतिजा पनि आउला, आशा गरौं दुवैजनाले विशिष्ट श्रेणी हासिल गरुन् ।”, गणित शिक्षकको कुरामा अंग्रेजी शिक्षकले चित्त बुझाएको देखियो । “म परीक्षा विरोधी होइन । परीक्षामा नम्बर चाहिन्छ, सबैले हेर्ने पनि त्यही नै हो । तर पाठ्यक्रमले राखेको ज्ञान/सीप हासिल गरेर, जानेर/बुझेर ल्याउनुपर्यो । न कि श्रेणी हासिल गर्न मात्र सकी नसकी घोकेर, बाध्यताले पढेजसो गरेर उत्तीर्ण हुने परिपाटी नहोस् । उनीहरूले किन पढ्दैछु, त्यो जानेर पढुन् ह पढेको कुरा आवश्यक पर्दा दैनिक जीवनमा उपयोग गर्नसक्ने बनुन्ह पढाइलाई बोझभन्दा पनि जरुरतका रूपमा लिउन्ह नवीन खालका पठनका सीप विकास गरून् ताकी उच्च शिक्षामा उक्लिँदै जाँदा पढाइ बोझिलो नबनोस् र यसमा तपाईं हामी शिक्षकको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ ।”, गणित शिक्षकले आृनो विचार स्पष्ट राखे ।

परीक्षा समापन भएको तीन महिना पछि नतिजा प्रकाशित भयो । विद्यालयले सोचेजस्तो नतिजा नआए पनि चित्तबुझ्दो रह्यो । उमेश र किशोर दुवैजना विशिष्ट श्रेणीमा उत्तीर्ण भए तर यसपालि उमेशले किशोरलाई उछिन्यो । विद्यालयले खुशीयालीमा र्‍याली नै निकाल्यो । अभिभावक, शिक्षक र विद्यार्थीमा उत्सवको माहोल थियो ।एसएलसी पछि उनीहरू प्लस-टुमा विज्ञान संकाय पढ्न काठमाडौँ गए । उमेशले पहिलो वर्ष राम्रोसँग पढ्यो र राम्रै नतिजा ल्यायो भने किशोरलाई विज्ञानको पढाइ असजिलो लागेर संकाय नै परिवर्तन गर्नुपर्यो । विद्यालयले आृनो विद्यालय स्थापना भएको पचास वर्ष पार गरेको उपलक्ष्यमा विशेष कार्यक्रम आयोजना गर्यो जसमा उक्त विद्यालयबाट सेवानिवृत भएका शिक्षकहरू, विद्यालयलाई यो ठाउँसम्म ल्याइपुर्याउन सहयोग गरेका समाजसेवीहरू र विभिन्न क्षेत्रमा काम गरिरहेका विद्यार्थीहरूलाई आमन्त्रण गरियो । उमेश र किशोरलाई पनि आृनो छोटो मन्तव्य राख्ने अवसर दिइएको थियो ।

उमेशले सभालाई सम्बोधन गर्दै भने, “आज मैले जे जति सफलता हासिल गरे, यो सबै यही विद्यालयको देन हो । विशेष गरी मलाई सानै उमेरदेखि बुझेर पढ्ने बानी बसालिदिनुभएकोमा सरहरूलाई धन्यवाद दिन चाहन्छु । यो सही धारणाको कारणले उच्च शिक्षामा देशका विभिन्न भू-भागहरूबाट आएका विद्यार्थीहरूको माझमा आफूलाई उभ्याउन सकें । बुझेर पढ्ने बानीका कारण उच्च शिक्षाको पढाइ चाखलाग्दो, रमाइलो र सहज बन्यो ।”किशोरले आृनो पालो आएपछि बोले,“शुरुवातमा मेरो पढाइ परीक्षाकेन्द्रित भयो जसले गर्दा पछि गएर पढाइ नै असजिलो बन्न गयो तर साथी उमेशको संगतमा आफ्नो पठन शैलीमा सुधार गर्न सकेँ र अन्ततः आृनो पढाइलाई सही दिशामा मोड्न सकेँ ।”कार्यक्रमको समापन गर्दै वि.व्य.सको अध्यक्षले भने, “हाम्रो विद्यालय नमूना विद्यालय बन्नुपर्छ । विद्यार्थीको अङ्क सफलतामा भन्दा ज्ञान सफलतामा हाम्रो ध्यान हुनुपर्छ । त्यसमा सरहरूले ध्यान पुर्याउनुहोला । हामीले रोजगारमुखी र सीपयुक्त शिक्षा दिनुपर्छ । त्यसका लागि स्रोतसाधन पुर्याउने र वातावरण बनाइदिने वाचा मेरो भयो ।” सबैको तालीको गडगडाहटबीच कार्यक्रम समापन भयो । भिडको बिचमा उभिएका गणित शिक्षक धेरै खुशी देखिन्थे । उनले मनमनै सोच्दै होलान्, “चलिआएको परम्परा बदल्न समय त लाग्छ तर कोसिस गरे नसकिने होइन रहेछ । जेहोस्, बुझेर पढ्नुपर्छ भन्ने धारणा आत्मसात् भयो ।” ***-साहित्यपोष्ट***

# जनयुद्ध दिवसमा पाल्पामा सहिद परिवारलाई सम्मान



**तानसेन,** फागुन १/ पाल्पामा ३१ औं जनयुद्ध दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । नेपाली कम्युनिष्ट पार्टी तानसेन नगर समितिले शुक्रबार बनाएको हो ।

दिवसका अवसरमा यहाँका सहिद परिवारलाई सम्मान गरिएको छ । नेपाली कम्युनिष्ट पार्टीले जनयुद्धमा ज्यानको बलिदान दिने सहिदका परिवारलाई सम्मानपत्र सहित दोसल्ला ओढाएर सम्मान गरिएको हो । सहिदका आफन्तलाई सम्मान गर्दै नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय नेता सोम प्रसाद पाण्डेयले मुलुकको समृद्धि अहिलेको मुख्य अभिभारा भएको बताए । उनले नेपाली जनताको चाहना र भावना पुरा गर्ने हाम्रो एउटा मात्र अर्जुनदृष्टि आर्थिक समृद्धि रहेको बताए । उनले भने "हामी जनताको सेवा गर्न तयार रहेकोले यसपाली भारी मतका साथ विजयी हुनेछौं । जनताले बलिदान दिएर ल्याएको व्यवस्थामा अब नागरिकको अवस्था परिवर्तन गर्नुपर्ने छ । त्यो कार्यका लागि अब नेपाली कम्युनिष्ट पार्टीले विजयी हासिल गर्नुपर्छ ।"

नेकपाबाट समानुपातितर्फकी उम्मेदवार पार्वती विश्वकर्मा (सामना)ले सुशासन र समृद्धिका लागि नेकपाको विकल्प नभएको बताइन् । दश वर्षे जनयुद्धदेखि जेनजी आन्दोलनमा ज्यान गुमाउने सहिदप्रति सम्मान व्यक्त गर्नुपर्ने उनले बताइन् । नेकपाका केन्द्रीय सदस्य नेत्र प्रसाद पाण्डेयले जनयुद्धका बाकी कामहरु पूरा गर्नका लागि देशभर नेपाली कम्युनिष्ट पार्टी पहिलो बनाउने गरी पार्टी कार्यकर्ताहरु मेहनत गर्न आवश्यक रहेको बताए । gकपा पाल्पाका संयोजक अशोक कुमार शाहीले मार्सवादी चिन्तन र अहिलेको क्रान्तिसम्म आउँदा कम्युनिष्टहरु एक भएर अघि बढ्नुपर्ने बताए । कार्यक्रममा वाईसिएलका केन्द्रीय सदस्य हरीस गिरी ले लोकतन्त्र र संघीय व्यवस्था स्थापित गर्ने महान् जनयुद्धका सहिदले गरेको योगदानलाई साहाकार बनाउन अबको दिनमा नेपाली कम्युनिष्ट पार्टीले कार्य गर्नुपर्ने बताए । नेकपा नगर अध्यक्ष प्रतिक्षा गाहा सिंजालीको अध्यक्षता,उपाध्यक्ष युवराज पन्तको स्वागत, नगर सचिव नवराज बस्याल(बादल)को सञ्चालनमा कार्यक्रम भएको थियो ।

## बदलिएको काँग्रेसले...

..."नयाँ भनेको सोच, दृष्टिकोण र नेतृत्वको बदलावले हुन्छ ।साँच्चै बदलिएको हो र नयाँ भएर आएको काँग्रेस नै हो,"शर्माले भने ।

अर्को प्रसंगमा उनले कांग्रेसभित्रको आन्तरिक कुरा सबै बिर्सेर पार्टीका उम्मेदवारलाई जिताउनतर्फ लाग्न आह्वान गरे । उनले कसैलाई गाली नगरी आफ्ना कुरा प्रष्टसँग जनतासँग राखेर मत माग्न नेता कार्यकर्ताहरुलाई आग्रह समेत गरे । उपसभापति शर्माले भने, "हामीले कसैलाई गाली नगरौं । आफ्ना कुरा जनतालाई बुझाऔं, निर्वाचनमा एकढिक्का भएर पार्टीलाई जिताउन लागौं । हाम्रो इतिहास र सभ्यताको ख्याल गर्दै चुनावमा लागौं ।" कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य राजेन्द्र गोपाल सिहं, पुर्व केन्द्रिय सदस्य हरि प्रसाद नेपाल, नेपाली काँग्रेस लुम्बिनी प्रदेश उपसभापति राजु खनाल, नेपाली काँग्रेस क्षेत्र नं. २ का उम्मेदवार एवं जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, नेपाली काँग्रेस लुम्बिनी प्रदेशका कोषाध्यक्ष प्रकाश राना, काँग्रेसका कार्यवाहक जिल्ला सभापति झपेन्द्र गहिरे, नेपाली काँग्रेस क्षेत्र नं. १ का उम्मेदवार सन्दिप राना, समानुपातिक उम्मेदवारहरु कृष्ण प्रसाद अधिकारी, जमिला मिया, नेपाली काँग्रेस क्षेत्र नं. १ का क्षेत्रिय सभापति झमनबहादुर राज मगर, क्षेत्र नं. २ का क्षेत्रिय सभापति मुक्तिराम जिसिले लगायतले फागुन २१ हुने निर्वाचनपछि काँग्रेस नेतृत्वको सरकार बने मात्र देशलाई संकटबाट बचाई जेनजी पुस्ताले उठाएको माग सम्बोधन गर्न सकिने बताए । काँग्रेसका कार्यवाहक जिल्ला सभापति झपेन्द्र गहिरेको अध्यक्षता, उपसभापति ज्ञानबहादुर गाहाको स्वागत, सचिव सुनिता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## बेथल बोर्डिङ ...

... विद्यालयका प्रिन्सिपल रुपचन्द्र थापाले विद्यालयको प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयमा ८ सय २२ जना छात्रछात्राहरु रहेको, चालु शैक्षिक सत्रमा १ सय ८१ जना विद्यार्थीहरुलाई वार्षिक ४७ लाख ५३ हजार ९ सय ८० छात्रवृत्ति दिइएको जानकारी गराए । उनले विद्यालयले शिक्षिक क्षेत्रमा मात्र नभई खेल क्षेत्रमा समेत राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा सफला हासिल गरेको बताए । उनले विद्यालय सञ्चालनमा थुप्रै चुनातीहरु रहेको उल्लेख गरे । संस्थागत विद्यालय सञ्चालन सम्बन्धी सरकारको अष्पस्ट ऐन, कानुन, नीति, नियम, कोभिड महारीको असर लामो समयसम्म रहँदा अभिभावकहरूको आयश्रोतमा प्रत्यक्ष असर पर्न गई विद्यार्थी ड्रपआउट, विद्यार्थी भर्नामा विद्यालयहरुबिच अस्वस्थ प्रतिस्पर्धा, स्थानीय निकायहरुको संकुचित र पक्षपातपूर्ण ऐन, कानुन तथा नीति र व्यवहार, दक्ष र व्यवसायिक जनशक्तिको अभाव र पूर्वाधार व्यवस्थापनको चुनौती, विद्यार्थीहरूमा मोबाइल खेलको अत्यधिक प्रयोगको कारण अपेच्छित उत्कृष्ट नतिजा हासिल गर्न समस्या जस्ता विद्यालयका मुख्य चुनौतीहरु रहेको प्रिन्सिपल थापाले बताए । उनले भावि योजना समेत सार्वजनिक गरेका छन् । थापाले क्रियाकपलाप केन्द्रित शिक्षण सिकाइमा जोड दिने, विद्यार्थी केन्द्रीत कार्यकमलाई विशेष प्राथमिकता दिइने,विद्यार्थीहरुको जिल्ला र प्रदेश स्तरीय प्रदर्शनी, कार्यशाला र गोष्ठी आयोजनामा सहभागिता गराउने, योगा, नृत्य, आर्ट, खेलकुद शिक्षकको व्यवस्था र प्रशिक्षण दिइने,विद्यार्थीको व्यक्तित्व तथा नेतृत्व तथा सिप विकास सम्बन्धी तालिम, प्रशिक्षण प्रविधिमैत्री हाजिरी, लेखा, परीक्षा र सञ्चार प्रणाली, शैक्षिक गुणस्तर बृद्धि गर्न शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई नियमित तालिम, गोष्ठी, वृत्तिविकास कार्यकम सञ्चालन गर्ने योजना समेत रहेको प्रिन्सिपल थापाले बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव नेपालको अध्यक्षता, विद्यार्थीहरु शुलभ केसी, विपसा सारु, लाजिमा गाहा, शैलेस सिंजाली लगायतले संयुक्त रुपमा कार्यक्रमको सञ्चालन गरेका थिए ।

### खेलकुद समाचार

## जिम्बावेले अस्ट्रेलियालाई हरायो



**काठमाडौं,** फाुन १/ आईसीसी टी-२० विश्वकप क्रिकेटमा जिम्बावेले लगातार दोस्रो जीत हासिल गरेको छ । श्रीलङ्काको कोलम्बोमा रहेको आर प्रेमादासा स्टेडियममा शुक्रबार भएको खेलमा जिम्बावेले अस्ट्रेलियालाई २३ रनले हरायो । जिम्बावेले दिएको १७० रनको लक्ष्य पछ्याएको अस्ट्रेलियाले १९ ओभर ३ बलमा १ सय ४६ रन बनाउँदा सबै विकेट गुमायो । अस्ट्रेलियाका म्याट रेनशाले ६५ रन बनाए । जिम्बावेका ब्लेसिङ मुजरबानीले ४, ब्राड इभान्सले ३ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको जिम्बावेले २० ओभरमा २ विकेट गुमाएर १६९ रन बनाएको थियो । जिम्बावेका ब्रायन बेनेटले नटआउट ६४ रन बनाए । अस्ट्रेलियाका मार्कस स्टोइनिस र क्यामरुन ग्रीनले १/१ विकेट लिए । योसँगै जिम्बावे २ खेलमा ४ अङ्कसहित समूह 'बी' को दोस्रो स्थानमा छ । अस्ट्रेलियाले दोस्रो खेलमा पहिलो हार बेहोरेको हो । प्रतियोगितामा २० वटा टोली चार वटा समूहमा विभाजन गरिएको छ । हरेक समूहका शीर्ष दुई टोली 'सुपर-एट' मा पुग्नेछन् । 'सुपर-एट'मा चार-चार वटा टोली दुई समूहमा बाँडिनेछन् । समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । १०औँ संस्करणको टी-२० विश्वकपको फाइनल खेल आउँदो मार्च ८ मा


**वर्गीकृत डिस्प्ले**


**१X५ साइजमा मात्र**

**वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## माघसम्म ४० प्रतिशत बजेट खर्च



**काठमाडौं,** फागुन१/ चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनामा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार यो अवधिमा सरकारको आम्दानी वार्षिक लक्ष्यको ४४ र खर्च ४० प्रतिशतमा खुम्चिएको छ । चालु आवका लागि कूल रू १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट विनियोजन गरिएकोमा माघ मसान्तसम्ममा रू आठ खर्ब एक अर्ब ३७ करोड ४९ लाख खर्च भएको छ । यस वार्षिक विनियोजनको ४० दशमलव ८ प्रतिशत बराबर हो ।

चालुगत शीर्षकमा यस वर्ष रू ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकामा ४७ दशमलव ६२ प्रतिशत अर्थात् रू पाँच खर्ब ६२ अर्ब ३७ करोड १५ लाख बराबर खर्च भएको छ । त्यस्तै, पुँजीगत शीर्षकमा रू चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा १५ दशमलव ६२ प्रतिशत अर्थात् रू ६३ अर्ब ७२ करोड ९९ लाख खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकको माघ मसान्तसम्मको खर्च ४६ दशमलव ७१ प्रतिशत छ । यो शीर्षकमा रू तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजन भएकोमा रू एक खर्ब ७५ अर्ब २७ करोड ३५ लाख खर्च भएको छ ।यस आवका लागि सरकारले रू १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेकोमा माघ मसान्तसम्ममा ४४ दशमलव ४९ प्रतिशत प्रगति भएको छ । हालसम्ममा रू छ खर्ब ८२ अर्ब १६ करोड ७३ लाख बराबर राजस्व उठेको छ । कर राजस्वतर्फ वार्षिक लक्ष्यको ४५ दशमलव २१ प्रतिशत अर्थात् रू पाँच खर्ब ९९ अर्ब ३१ करोड ४६ लाख र गैरकर राजस्वतर्फ वार्षिक लक्ष्यको ४२ दशमलव ५५ अर्थात् रू ६५ अर्ब ७१ करोड तीन लाख बराबर असुली भएको छ । चालु आवमा रू ५३ अर्ब ४४ करोड ६९ लाख बराबरको वैदेशिक अनुदान लिने सरकारी लक्ष्य थियो । माघ मसान्तसम्ममा रू १२ अर्ब ८३ करोड ७९ लाख बराबर अर्थात् वार्षिक लक्ष्यको २४ दशमलव ०२ प्रतिशत प्राप्त भएको कार्यालयले जनाएको छ ।

*-रासस*

### जिल्ला अदालत पाल्पाबाट जारी भएको २१ दिने सूचना

श्री पाल्पा जिल्ला अदालतबाट जारी भएको इतलायनामा/समाह्वान म्याद:
ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं ११ ललितपुर बस्ने तुल्सी बहादुर कार्कीको छोरी चन्द्र बहादुर खड्काको बुहारी कमल विक्रम खड्काको पत्नी वर्ष अं ६३ की विस्नु कुमारी कार्की (ना.प्र.नं. २८।०९।८०।००२२६, जारी मिति २०८०/०१/१७)............
वादी सं.स. लिला अधिकारी खाती र प्रतिवादी तपाई विस्नु कुमारी कार्की समेत भएको मुद्दा नं: ०८१-cp-००३५ को दुषित राजिनामा लिखत दर्ता बदर गरी दा.खा. नामसारी साथै मुद्दा नं ०८१-C ४-०००३ को जालसाजी मुद्दामा तपाईका नाउँमा जारी भएको सुरु म्याद विभिन्न मितिमा बेपत्ते तामेल भई यस अदालतबाट मिति २०८२।१०।१८ गते तपाईको नाउँमा पुन: राष्ट्रिय स्तरको दैनिक समाचार पत्रमा इतलायनामा म्याद जारी गर्ने भन्ने आदेश भएकोले मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा ११४ तथा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ६२ बमोजिम यो म्याद सुचना प्रकाशित गरिएको छ । यो म्याद सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र भए सबुत प्रमाण समेत लिई अदालत खुलेको समयमा तपाई स्वयं आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी वा कानून व्यवसायी मार्फत प्रतिउतरपत्र साथ यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।
***इति संवत् २०८२ साल माघ महिना १९ गते रोज २ मा शुभम्...***


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई